# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ६)  बेसीशहर, असोज १७ गते, २०८० साल (संख्या १**

**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावना:**

बेसीशहर नगरपालिकाका कृषकहरूले उत्पादन गरेका विभिन्न कृषि उपजहरू स्थानीय बजारसम्म पुर्याउन सहज, गुणस्तरीय र सुरक्षित ढुवानीको पहुँच पुर्याई उत्पादनोपरान्त हुने क्षतिको न्युनीकरण गर्ने र कृषकहरुले पनि उत्पादनको उचित मूल्य पाउनुको साथै उपभोक्तालाई पनि उत्पादन सामाग्रीहरु सरल, सहज र सहुलियत वा कृषकले बेचेको दरमा उपलब्ध गराउने उद्धेश्यले बेसीशहर नगरपालिकाले कृषि

एम्बुलेन्स सेवा सञ्चालन गर्न "बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" तयार गरी जारी गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः (१) "कृषि एम्बुलेन्स" भन्नाले बेसीशहर नगरपालिकाद्धारा सञ्चालित कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्दछ।

(२) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका लाई जनाउँछ।

(३) "कृषक समूह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्य प्राप्तिका लागि साझा चाहाना र आवश्यकता भएका व्यक्तिहरु मिलेर गठन भई आधिकारिक निकायमा दर्ता भएका बेसीशहर नगरपालिका भित्रका कृषकहरुको सक्रीय समूहलाई बुझाउनेछ।

(४) "सहकारी" भन्नाले कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने उद्देश्य प्राप्त गर्नका लागि प्रचलित कानुन वमोजिम दर्ता भएको संस्थालाई सम्झनुपर्दछ साथै सो शब्दले कृषि कार्य समेत गर्ने उद्धेश्य रहेको बहुउद्धेश्यीय सहकारी संस्थालाई समेत बुझाउँछ।

(५) "छाता संगठन" भन्नाले नगरपालिका भित्रका विभिन्न कृषि सहकारी /कृषक समूह/कृषि फर्म वा कम्पनीको प्रतिनिधि (५ वा ७ जना) बाट गठन भएको साझा संगठनलाई बुझाउनेछ।

(६) “कृषि उपज” भन्नाले बजारीकरणको उद्देश्य राखी उत्पादन गरिएको कुनै पनि किसिमको कृषि/पशु/ मौरीजन्य उत्पादन तथा मौरीजन्य सामाग्रीहरु, औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई सम्झनुपर्दछ।

(७) “आवेदक” भन्नाले कृषि एम्बुलेन्स सञ्चालन गर्नका लागि सम्बन्धित नगरपालिकाको कार्यालयमा आवेदन दिएका कृषि सहकारी, कृषक समूह, छाता सङ्‌ठन, कृषि फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनुपर्दछ।

(८) "सञ्चालक समिति" भन्नाले कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्नका लागि छनौट भएका आवेदक( कृषि सहकारी/ कृषक समूह/ छाता संगठन/ कृषि फर्म/ कम्पनी) द्धारा गठन भएको समितिलाई सम्झनुपर्दछ।

**३. <u>उद्देश्य</u>** : यस कार्यविधि अनुसार सेवा सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछ।

(१) नाशवान् कृषि उपजहरु, पशुपन्छीजन्य उत्पादन तथा मौरीको गोला र मौरीजन्य उत्पादनको ढुवानीलाई सहज, गुणस्तरीय, सुरक्षित र छिटो छरितो हुने गरी व्यवस्था गर्न,

(२) कृषकहरुद्धारा उत्पादित कृषि उपजहरुलाई स्वच्छ, ताजा र गुणस्तरीय अवस्थामा नै सरल, सहज र सहुलियत वा फार्मगेट मूल्यमा उपभोक्ता सम्म पुर्याउन,

(३) साना तथा मझौला कृषकहरुले उत्पादन गरेको साना परिमाणको उत्पादन पनि बिक्री हुने भएकोले कृषकहरुलाई कृषि कार्यमा प्रोत्साहित गराउन,

(४) कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्युनीकरण गर्न र बजार तथा प्रशोधन स्थल सम्म पुर्याउँदा हुने नोक्सानी बाट जोगाउन।

## परिच्छेद–२

## सेवा सञ्चालन विधि

४. **सेवा सञ्चालन हुने क्षेत्र** : यो सेवाले बेसीशहर नगरपालिका भित्रका सम्पूर्ण वडालाई समेट्नेछ।

५. **प्रस्ताव माग गर्ने** : (१) कृषि एम्बुलेन्स सेवा सञ्चालनको लागि बेसीशहर नगरपालिकाले स्थानीय पत्रिका, रेडियो, एफ.एम. तथा अनलाइन पत्रिका मार्फत कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि १५ दिने म्याद दिई प्रस्ताव आह्वान गरी कृषि सहकारी/कृषक समूह/छाता संगठन/कृषि फर्म/ कम्पनी/ व्यक्तिहरुको लागि अनुसूची–१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।उक्त सूचना नगरपालिकाको कार्यलयको वेबसाइट, सूचनापाटीमा पनि टाँस गर्नुपर्नेछ ।

(२) दफा (५) को उपदफा (१) बमोजिम सूचना प्रकाशन पश्चात आवेदकले अनुसूची–२ बमोजिमको निवेदन साथ देहायबमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) माग निवेदनको साथ कृषि सहकारी/ कृषक समूह/ कृषि फर्म/ कम्पनीको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि

(ख) छाता संगठन बाहेकको हकमा सम्बन्धित वडा कार्यलयले सेवा सञ्चालनका लागि उपयुक्त रहेको व्यहोरा लेखिएको सिफारिश पत्र,

(ग) समूह, सहकारी वा छाता सङगठनको हकमा कार्यसमितिको बैठकले कृषि एम्बुलेन्स सञ्चालन सेवा माग गर्नको लागि गरेको निर्णय र सञ्चालक समितिको नागरिकताको प्रतिलिपी

(घ) कृषि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवेदक वा निजको अनुसूची-४ वमोजिमको प्रतिवद्धता पत्र ।

**६) मूल्याङ्कन:** (१) सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिले प्रस्तावहरुको अनुसूची-३ अनुसार मूल्याङकन गरी नगरकार्यपालिका बैठकमा पेश गर्नेछ।

(२) नगरकार्यपालिका बैठकबाट स्वीकृत भएका प्रस्तावको बारेमा सम्बन्धित आवेदकलाई जानकारी गराइने छ।

## परिच्छेद– ३

## संस्थागत व्यवस्था

**७. सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिको गठन :** (१) सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) आर्थिक विकास समितिका संयोजक - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य

(घ) पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख - सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

**मुख्य सल्लाहकार**

१) नगर प्रमुख

२) नगर उपप्रमुख

(२) सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आवश्यकता अनुसार सेवा सञ्चालन र सञ्चालक समितिको गतिविधिको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने।

(ख) सेवा सञ्चालनको क्रममा सञ्चालकले उत्पादक सँग खरिद गरिएको मूल्य र उपोभोक्तासँग गरेको बिक्री मूल्यको निगरानी राख्ने, यदि

अनुचित मूल्यमा कारोबार गरेमा समितिले तोके बमोजिम कारवाही गर्ने ।

(ग) प्रस्ताव मूल्याङ्कनका आधार परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतीकरण गरी अनुमोदन गर्ने ।

(घ) परिच्छेद १ को दफा ३ मा उल्लेख भएका उदेश्य बाहेकका प्रयोजनका लागि प्रयोग गरेमा सेवा सञ्चालनको लागि भएको सम्झौता खारेज गर्न कार्यपालिका बैठकमा सिफारिस गर्ने ।

(ङ) आवश्यक परेको खण्डमा सञ्चालक समितिको काम र कर्तव्य हेरफेर गर्ने ।

(च) सञ्चालक समितिबाट त्रैमासिक रुपमा कृषि विकास शाखामा पेश भई आएका प्रतिवेदन उपर छलफल गरी आवश्यक सल्लाह सुझाव दिने ।

**८. सञ्चालक समितिः** छनौट भएका प्रस्तावकले घटिमा ३ बढीमा ५ जनाको सञ्चालक समिति गठन गर्नुपर्नेछ ।

**(१) सञ्चालक समितिको काम र कर्तव्य :**

(क) कृषक र उपोभोक्ताको हितको लागि जिम्मेवारीपूर्ण भई कार्य गर्ने ।

(ख) सेवा सञ्चालनका लागि आवश्यक पर्ने चालक, सहचालक, इन्धन, चालक/सहचालकको सेवा सुविधा लगायत आवश्यक सम्पूर्ण स्रोत साधनहरुको व्यवस्था गर्ने ।

(ग) उत्पादित वस्तुको संकलनको लागि कृषक, संकलन केन्द्र, कृषि फर्म वा उत्पादकहरु सँग समन्वय सम्पर्क राख्ने ।

(घ) सङ्कलित उपजहरुको व्यापारका लागि व्यक्ति, संघ संस्था, कम्पनी वा व्यपारीहरुसँग समन्वय सम्पर्क राख्ने ।

(ङ) व्यवस्थित सेवा सञ्चालनका लागि नगरपालिका, कृषि विकास शाखा, पशुपन्छी तथा मत्स्य विकास शाखा र वडा कार्यालयहरु सँग नियमित समन्वयमा रहने ।

(च) दैनिक रुपमा ढुवानी साधनको धुलाइ, सरसफाई गरी सफा राख्ने वा राख्न लगाउने ।

(छ) ढुवानी साधनको काम नभएको अवस्थामा सुरक्षित स्थानमा पार्किङ्गको व्यवस्था गर्ने ।

(ज) ढुवानी साधनको व्लू बुक, नवीकरण, विमा, मर्मत र सरकारी करहरु नियमितरुपमा तिर्ने ।

(झ) एम्बुलेन्स सेवा सञ्चालनका क्रममा भइ आएका आम्दानी तथा खर्च विवरण विल भरपाईका साथ सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिमा वार्षिक रुपमा प्रगति प्रतिवेदन सहित प्रस्तुत गर्ने ।

(ञ) कृषि एम्बुलेन्स सञ्चालनको क्रममा भई आएका आम्दानी तथा खर्च बिवरण विल भरपाई र सम्पूर्ण गतिविधिहरुको प्रतिवेदन त्रैमासिक रुपमा कृषि विकास शाखामा पेश गर्नुपर्ने ।

(ट) छनौट भएको समितिले आफू बाहेक अन्य व्यक्ति/फर्म/कम्पनी आदिलाई सवारी साधन सञ्चालनका लागि जिम्मा दिन पाउने छैन ।

**(२) <u>चालकको पारिश्रमिक तथा सेवा सुविधा</u> :** चालक, सहचालक तथा समितिका अन्य कर्मचारीको तलब तथा थप सेवा सुविधा सहकारी/ कृषक समूह/ छाता संगठनको आर्थिक तथा प्रशासनिक नियमावली अनुसार तथा सञ्चालक समितिले तोकेअनुसार हुनेछ ।

**(३) <u>चालक / कर्मचारीको काम र कर्तव्य</u> :**

(क) सहकारी/ कृषक समूहको आर्थिक पारदर्शितामा इमान्दार, असल चरित्र प्रदर्शन गरी पूर्ण जिम्मेवारी भई सञ्चालक समितिले अह्राएको-खटाएको कार्यमा ढुवानी साधन चलाउने वा सो बमोजिम आदेश-निर्देशनको पालना गर्ने ।

(घ) सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरी बिजक जारी गर्ने ।

(ङ) दैनिक क्रियाकलापमा भए गरेका आम्दानी तथा खर्चको विल भौचर दुरुस्त राख्ने र मासिक रुपमा ढुवानी साधनको स्थिति तथा कारोबारका प्रगति विवरण सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने ।

(ञ) ढुवानी साधनको समयमै मर्मत सम्भार गर्ने ।

**१०. <u>चालकले अनिवार्य अवलम्बन गर्नुपर्ने नियमहरु</u> :**

(क) सवारी साधन तथा ढुवानी साधन चलाउने जिम्मेवारी पाएको आधिकारिक चालकले मात्र चलाउन पाउने छ र चालकले पनि विना अनुमति वा विना काम ढुवानी साधन चलाउन पाउने छैन ।

(ख) चालकले अन्य व्यक्तिलाई कुनै पनि बेला, ठाउँ र परिवेशमा चलाउन दिन मिल्ने छैन ।

(ग) नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरशः पालना गर्नु पर्नेछ।

(घ) सञ्चालक समितिले सिफारिश गरेको व्यक्तिहरु वा अन्य कुनै सामान अनुमति बिना बोक्न पाइने छैन ।

(ङ) लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन र सडकको अवस्था हेरविचार गरी पूर्वसावधानी अनिवार्य अपनाउनु पर्नेछ ।

(च) सवारी चालकले अनुशासित र सभ्य भइ कृषकहरुसँग नरम र शिष्ट भाषाको प्रयोग गर्नुपर्नेछ ।

**११. भाडादर निर्धारण :** प्रस्तावकले ढुवानी - यातायात साधन सञ्चालन गर्दा निम्मानुसार भाडादर निधारण गर्न सक्नेछ।

१. दुरीको आधारमा

| क्र.स. | देखि | सम्म | जम्मा किलोमिटर | प्रति किलोमिटर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. तौलको आधारमा

| क्र.स. | देखि | सम्म | जम्मा तौल | प्रति के.जी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. संख्याको आधारमा

| क्र.स. | देखि | सम्म | जम्मा संख्या | प्रति संख्या रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

४. बजार दररेटको आधारमा रिजर्भ

| क्र.स. | देखि | सम्म | रु. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**१२. <u>सेवा कार्यान्वयन</u> :** (१) सम्झौता पश्चात छनौट भएका प्रस्तावकले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी सेवा सञ्चालन गर्नुपर्नेछ । यदि नगरेमा नगरकार्यपालिकाले सेवा सञ्चालनको लागि भएको सम्झौता जुनसुकै बखतमा पनि खारेज गर्न सक्नेछ।

(२) सेवा सञ्चालनको अवधि १ वर्षको हुनेछ र प्रत्येक वर्ष नयाँ सम्झौता गर्नुपर्नेछ।

**१३. <u>अनुदान र मापदण्ड</u>:** छनौट भएको प्रस्तावकको कागजात र सक्रियताको मूल्याङ्कन गरेर नगरपालिकाले सेवा कार्यान्वयन तथा मूल्याङ्कन समितिको निर्णयानुसार कृषि सङ्लन केन्द्र तथा बजार सञ्चालन वा सञ्चालन कार्यमा आवश्यक पर्ने अन्य कुराहरुमा सहयोग गर्न सक्नेछ।

## परिच्छेद–४

## अनुगमन र विविध

**१४. <u>अनुगमन तथा मूल्याङ्कन</u> :** (१) नगरपालिका स्तरीय अनुगमन समितिले दफा ७ बमोजिम गठित समिति र जनप्रतिनिधिहरुको सहयोग तथा समन्वयमा यस कार्यविधिअनुसार संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) अनुगमन निरीक्षणको प्रतिवेदन मूल्याङ्कन समितिले कम्तीमा ३ महिनाको एकपटक गर्नेछ।

**१५. मर्मत तथा सम्भारः** सम्झौता पश्चात कृषि एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी सञ्चालनको लागि छनौट भएको आवेदकको हुनेछ।

**१६. <u>बाधा अड्काउ फुकाउ</u> :** (१) तीन पटक सम्म सूचना प्रकाशन गर्दा पनि कुनैपनि प्रस्ताव पेश हुन नआएमा यस सेवा नगरपालिकाले स्वंम सञ्चालन गर्ने वा अन्य कुनै ईच्छुकलाई सञ्चालन गर्न दिन सक्नेछ।

(२) यस कार्यविधिमा जे भनिएतापनि नगरपालिकाद्धारा सञ्चालित हुने अत्यावश्यक कृषि तथा पशु सम्बन्धी कार्यको लागि कृषि विकास शाखा र पशुपंक्षी तथा मत्स्य विकास शाखाले कृषि एम्बुलेन्सको प्रयोग गर्न सक्नेछ।

(३) यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सो को निरुपण नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

१७. <u>संशोधन</u> : यो कार्यविधि नगरकार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

अनुसूची -१

(दफा ५ (१) सँग सम्बन्धित )

बेसीशहर नगरपालिका

कृषि एम्बुलेन्स सेवा सञ्चालनको प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ........... गते

आ.व. ...........मा बेसीशहर नगरपालिका नगरकार्यपालिका, बेसीशहर लमजुङको कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने कार्यक्रम अन्तरगत यस नगरपालिका भित्र कृषिजन्य उपजको सहज ढुवानी पुर्याउने उद्देश्यले उक्त सेवा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी/छाता संगठन/कृषि फर्म/कम्पनी/व्यक्तिले तपशिलका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।

**आवश्यक मापदण्ड/ कागजातहरु**

- सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी/कृषि फर्म/कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि र वडा कार्यालयको सिफारिश पत्र।
- आवेदक संस्थाले सो सेवा सञ्चालनको कुल आम्दानीको कम्तीमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ्ग कोष खडा गरी बचत गर्ने प्रतिबद्धता सहितको पत्र।

पुनश्चः प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार नगरकार्यपालिकामा निहित रहनेछ।

## अनुसूची २

(दफा ५ (२) सँग सम्बन्धित)

बेसीशहर नगरपालिका

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

बेसीशहर नगरपालिका

बेसीशहर लमजुङ।

विषयः कृषि एम्बुलेन्स सेवा सञ्चालनमा सहभागिता सम्बन्धमा।

प्रस्तुत विषयमा यस बेसीशहर नगरपालिकाबाट मिति.................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो.........समूह/सहकारी/कृषि फर्म/छाता सङ्गठनले.............. कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छौँ।

निवेदक

...............................

**निवेदन साथ संलग्न कागजातहरु**

• सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी/कृषि फर्म/कम्पनी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

• निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि,

• वडा कार्यालयको सिफारिश पत्र,

अनूसुची-४ बमोजिमको प्रतिबद्धता पत्र।

## अनुसूची ३

(दफा ६ (१) सँग सम्बन्धित)

बेसीशहर नगरपालिका

क) प्रस्ताव मूल्याङ्कनका आधारहरु ( प्रारम्भिक मूल्याङ्कन)
सूचना माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मूल्याङकनको लागि छनौट गर्नुपर्ने।

ख) प्रस्ताव मूल्याङकनका आधारहरु ( स्थलगत निरीक्षण मूल्याङकन)
जिल्लाः
आवेदक संस्थाको नामः
ठेगनाः
सम्पर्क व्यक्ति र नम्बरः

**मूल्याङङकन फारम**

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार (भवन, पार्किङ स्थल आदि) र सेवा सञ्चालनको सम्भावना | ३० | | |
| २. | आर्थिक पक्ष तथा लगानी क्षमता | ३० | | |
| ३. | जग्गा उपलब्धता र आफूले नै उत्पादन गर्न सक्ने क्षमता | १५ | | |

| | | | | |
|---|---|---|---|---|
| ४. | अद्यावधिक कागजपत्र र सक्रियताको अवस्था | १५ | | |
| ५. | अन्य वस्तुगत अवस्था ( राम्रो-१०, ठिकै-६, सन्तोषजनक-३, कमजोर-०) | १० | | |
| जम्मा | | | | |
| **मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४०% अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौटका लागि प्राथमिकीकरण सूचीमा समावेश गरिनेछ।** | | | | |

अनुसूची ४

(दफा ५ (२) को (घ) सँग सम्बन्धित)

बेसीशहर नगरपालिका

**प्रतिवद्धता पत्र**

बेसीशहर नगरपालिका कृषि विकास शाखाको मिति ........................ को सूचना अनुसार कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रममा छनोट भएमा कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० बमोजिमको कार्य गर्नेछु र सेवा सञ्चालन सम्झौता पछि कृषि एम्बुलेन्सको सम्पूर्ण सञ्चालन व्यवस्थापन खर्च हाम्रो आन्तरिक श्रोतबाट व्यहोर्ने मन्जुर भइ सेवा सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौँ। साथै १ वर्ष सम्म निरन्तरता दिनेछौँ। सेवा सञ्चालनको कुल आम्दानीको कम्तीमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिंङ कोष खडा गरी बचत गर्ने प्रतिबद्दता गर्दछौँ र कार्य योजना अनुसार कार्य नगरेमा वा १ वर्ष अगावै सो कार्य बन्द गरेमा बेसीशहर नगरपालिकावाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने र एम्बुलेन्सको सम्पूर्ण मर्मत गरी फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौ अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछौँ।

इति सम्बत २०.... साल...... महिना ........ गते रोज ....... शुभम।

**अनुदानग्राहीको तर्फबाटः**

नाम

पदः

संस्थाको नाम :

ठेगाना :

सम्पर्क नः

दस्तखतः

छाप

| दाँया | बाँया |
|---|---|

## सम्झौता पत्र

मिति ........................... का दिन यस बेसीशहर नगरपालिकाको कार्यालय (प्रथम पक्ष भनिने) र ............................समिति/ सहकारी/कृषक समूह/ छाता संगठन/ कृषि फर्म/ कम्पनी/ व्यक्ति(यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तहरुको अधीनमा रही कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न यो सम्झौता गरी एक एक प्रति लियौँ दियौँ।

तपशिल

१. नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश: पालना गर्नुपर्नेछ।

२. सवारी साधन तथा ढुवानी साधन चलाउन आधिकारिक चालकले मात्र चलाउन पाउनेछ र  लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइनेछैन।

३. दोस्रो पक्षले सेवा सञ्चालन गर्दा कुल आम्दानीको कम्तिमा २० % हुन आउने रकम मासिक रुपमा छुट्टै वैकिङ्ग कोष खडा गरी बचत गर्नु पर्ने र सो को जानकारी प्रथम पक्षलाई दिनुपर्नेछ।

४. कृषि एम्बुलेन्स सेवाले सेवा क्षेत्रको कृषि तथा पशुजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी सेवा उपल्वध गराउनुपर्ने र ढुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका किसानका कृषि वस्तु ढुवानी गर्न प्राथमिकता दिनुपर्नेछ।

५. ढुवानी साधनको व्लू बुक, नवीकरण, मर्मत सम्भार, विमा र सरकारी करहरु नियमितरुपमा तिर्ने व्यवस्था मिलाउनु पर्नेछ।

६. सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरी बिजक जारी गर्नु पर्नेछ।

७. सम्झौता लागू भएको आर्थिक वर्षसम्म रहनेछ।

८. दुवै पक्षले बेसीशहर नगरपालिकाद्धारा जारी भएको " कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८० " को पूर्णरुपमा पालना गर्नुपर्नेछ।

९. यो सम्झौता भित्र नपरेका अन्य शर्तहरु बेसीशहर नगरकार्यपालिकाको निर्णय वमोजिम हुनेछ

प्रथम पक्षको तर्फबाट

...............................

प्रमुख प्रशासकीय अधिकृत
बेसीशहर नगरपालिका

दोश्रो पक्षको तर्फबाट

...............................

नामः
पदः

रोहवर: श्री ..................... कृषि विकास शाखा

**आज्ञाले,**
**किसानराज चिलुवाल**
**नि. प्रमुख प्रशासकिय अधिकृत**

प्रमाणिकरण मिति: २०८० असोज १७

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । मूल्य रु.१०।–